राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

१९ मङ्सिर, २०८१

## आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश

राष्ट्रिय मानव अधिकार आयोगले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश गरेको छ। आयोगका माननीय अध्यक्ष तपबहादुर मगर सहितको आयोगको टोलीले शीतल निवासमा आयोजित एक कार्यक्रममा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल समक्ष प्रतिवेदन पेश गरेको हो।

प्रतिवेदनमा समग्र देशको मानव अधिकारको अवस्था, आयोगको भूमिका, आर्थिक वर्ष २०८०/८१ मा आयोगमा परेका उजुरीहरु, उजुरीउपर भएका छानविन तथा अनुसन्धान विवरण, नेपाल सरकारलाई गरिएका सिफारिसहरु, मानव अधिकार संरक्षण र संवर्द्धनका लागि आयोगबाट वर्षभरि भएका कार्यहरुको विवरण, आयोगबाट भएका सिफारिसहरुको कार्यान्वयनको अवस्था, आयोगको सहकार्य र समन्वय, आयोगका उपलब्धि, चुनौती तथा सम्भावित उपाय र आयोगले आगामी दिनमा चाल्नुपर्ने कदमहरुको बारेमा उल्लेख छ।

प्रतिवेदन बुझ्दै सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, बालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता लगायत आधारभूत लोकतान्त्रिक मूल्य र मान्यताको व्यवहारिक कार्यान्वयनको आवश्यकता रहेको बताउनुभयो। प्रतिवेदन पेश गर्दै आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले मानव अधिकार संस्कृति कायम गर्ने मूल उद्देश्यलाई ध्यानमा राखी मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न आयोगले निरन्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्दै आइरहेको भनाइ राख्नुभयो।

कार्यक्रममा आयोगका माननीय सदस्यहरु, सचिव, सहसचिवहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता